का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १९, अंक २२०

❑ ८ असोज २०७८, शुक्रबार

❑ 24 September 2021, Friday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढनका लागि QR कोड स्क्यान गर्नुहोला ।



काठमाडौँको हनुमानढोका परिसरमा रहेको काल भैरवको दर्शन गर्दै सर्वसाधारण । तस्बिर: रत्न श्रेष्ठ, रासस

# विपक्षीको अवरोधबीच बजेट कार्यान्वयनमा

प्रमुख विपक्षी दल नेकपा एमालेले लगातार सदन अवरोध गरिरहे पनि चालु आर्थिक वर्षको बजेट कार्यान्वयनमा गएको छ । राष्ट्रपतिले बजेट प्रमाणिकरण गरेकै दिन, बिहीबार राजपत्रमा प्रकाशित भएपछि बजेट कार्यान्वयनमा गएको हो ।



बिहीबार प्रतिनिधिसभा बैठक अवरुद्ध गर्दै प्रमुख प्रतिपक्ष दल नेकपा एमालेका सांसदहरु । तस्वीर: रासस

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ७ असोज ।

राष्ट्रपति विद्यादेवी भण्डारीबाट विनियोजन विधेयक प्रमाणिकरण भएसँगै सरकारी खर्च प्रकृयामा केही दिनदेखि देखिएको अन्योल हटेको छ । सत्तापक्ष र प्रतिपक्ष बीचको विवादले संसदबाट बजेट पारित हुन नसकेपछि भदौ १ गते सरकारी भुक्तानी प्रणाली अवरुद्ध भएको थियो । राज्यकोषको खर्च सरकारले गर्न नपाउँदा कर्मचारीको तलब भत्ता, सामाजिक सुरक्षा भत्ता, पेन्सन लगायत काम समेत अवरुद्ध हुन पुगेको थियो ।

प्रमुख प्रतिपक्ष नेकपा एमालेको अवरोध बीच प्रतिनिधिसभाबाट असोज ४ गते र राष्ट्रियसभाबाट बिहीबार पारित गरिएको बजेट राष्ट्रपति भण्डारीले प्रमाणिकरण गरेकी हुन् । राष्ट्रपतिले प्रमाणिकरण गरे लगत्तै बजेट बिहीबार नै राजपत्रमा प्रकाशित भएको छ । सरकारलाई अब बजेट खर्च गर्न बाटो खुलेको छ ।

नेकपा एमालेका अध्यक्ष केपी बाँकी पृष्ठ २ मा

# जम्बो, तर असमावेशी नेतृत्व

**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, ७ असोज ।



नेकपा (एकीकृत समाजवादी) ले पदाधिकारी चयन गरेको छ । पार्टी गठन भएपछि बसेको पहिलो केन्द्रीय कमिटी बैठकले पदाधिकारी चयन गरेको हो । पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल अध्यक्ष रहेको एकीकृत समाजवादी २ भदौमा दर्ता भएको थियो । ९ भदौमा निर्वाचन आयोगले वैधानिकता दिएको एकीकृत समाजवादीले राजनीतिक कार्यक्रम तय गर्दै पदाधिकारी समेत टुंगो लगाएको हो ।

मंगलबारदेखि तीन दिनसम्म चलेको केन्द्रीय कमिटी बैठकले १८ सदस्यीय पदाधिकारी चयन गरेको छ । पूर्वप्रधानमन्त्री झलनाथ खनाल बरिष्ठ नेता छन् । खनालले नेकपा एमालेको समेत तीन पटक नेतृत्व गरेका थिए । तर एमाले विभाजित भएपछि खनाल एकीकृत समाजवादीतिर लागेका छन् । खनाललाई बरिष्ठ नेता मानेको एकीकृत समाजवादीले एमालेका अर्का संस्थापक नेता मुकुन्द न्यौपानेलाई तेस्रो बरियतामा राखेको छ ।

उपाध्यक्ष सात जना चयन भएका छन् । उपाध्यक्षहरुमा राजेन्द्र पाण्डे, प्रमेश हमाल, घनेन्द्र बस्नेत, केदार न्यौपाने, केशवलाल श्रेष्ठ, धर्मनाथप्रसाद साह र जयन्ती राई छन् । महासचिवमा बेदुराम भुसाल चयन भए ।

> विधिको शासन, कम्युनिष्ट आन्दोलन र संविधान संरक्षण गर्ने भन्दै नेकपा एमालेबाट अलग भएको दल नेकपा (एकीकृत समाजवादी) ले पनि पुरानै पार्टीहरुको शैली अपनाएको छ ।

तीन उपमहासचिवमा प्रकाश ज्वाला, गंगालाल तुलाधर र विजय पौडेल चयन भएका छन् । एकीकृत समाजवादी गठन हुनुअगाडि यी तीनै नेता एमालेका पोलिट्ब्यूरो सदस्य थिए ।

सचिव चार जना चयन भएका छन् । नागेन्द्र चौधरी, जगनाथ खतिवडा, राजेन्द्र राई र रामकुमारी झाँक्री सचिव चयन भएका छन् ।

महासचिवमा धेरै आकांक्षी देखिएपछि पदाधिकारी नै चयन गरेर जम्बो टीम बन्न पुग्यो । महासचिवका दावेदारहरु राजेन्द्र पाण्डे, गंगालाल तुलाधर र विजय पौडेललाई व्यवस्थापन गर्न पदाधिकारी नै घोषणा गर्ने निर्णयमा एकीकृत समाजवादी पुगेको थियो । शुरुको सूचीमा चार सचिव, एक महासचिव, तीन उपमहासचिव र चार सचिव थिए । तर नेताहरुको पदीय दावीकै कारण पदाधिकारी जम्बो बन्न पुग्यो । बाँकी पृष्ठ २ मा

# ओलीको सक्रियता

## प्रधानमन्त्रीबाट पदमुक्त भएपछि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली देश दौडाहामा छन्

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ असोज ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको देश दौडाहा बढेको छ । नेकपा माओवादी केन्द्रसँग पार्टी एकता गरेर नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का दुई तिहाइ नजिकको प्रधानमन्त्री बनेका ओली पदमुक्त भएपछि पार्टी संगठन सुदृढीकरण अभियानमा छन् । नेकपा विघटन र एमाले समेत विभाजित भएपछि अझ ओलीको चुनौती धेरै छ । तर ओलीले नेकपा विघटन र एमाले विभाजनले कुनै असर नपर्ने अभिव्यक्ति मात्रै दिएका छैनन्, एमाले फेरि पनि पहिलो दलका रुपमा संसदमा आउने र आफू प्रधानमन्त्री बन्ने दावी गरिरहेका छन् । तर ओलीको प्रमुख निशाना भने एमालेबाट अलग भएर नेकपा (एकीकृत समाजवादी) गठन गरेका पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल देखिएका छन् । ओलीका हरेक अभिव्यक्तिमा एकीकृत समाजवादीका नेताहरु निशानामा छन् । एकीकृत समाजवादीका नेताहरु पछि नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड विरुद्ध बोल्दै आएका छन् । अध्यक्ष ओली राजधानी उपत्यकामा आयोजना हुने विभिन्न कार्यक्रम बाहेक झापा, रुपन्देही, पोखरा लगायत पुगिसकेका छन् । गएको ५ पुसमा प्रतिनिधिसभा विघटन गरेपछि पनि ओली देशका शहरी क्षेत्रहरु पुगेका थिए । ओली पूर्वको इटहरी, बुटवल, दाङ, धनगढी लगायत शहर पुगेका थिए । अहिले पनि त्यस्तै देश दौडाहा गरिरहेका छन् । देशभर सकेसम्म पुगिरहेका अध्यक्ष ओलीले बिहीबार भने राजधानी उपत्यकामा आयोजित सभालाई सम्बोधन गरे । काठमाडौं जिल्ला विशेष कमिटीले गरेको कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले एमालेबाट अलग भएको एकीकृत समाजवादीलाई माने पार्टीको संज्ञा दिए । "कम्युनिष्ट आन्दोलनमा देखिएको दक्षिणपन्थी विरुद्ध जुधे । काँग्रेसका पछि हिड्नु, दक्षिणपन्थको विरोध हो", ओलीको भनाइ थियो । माधव नेपालले जम्बो पदाधिकारी बनाएको भन्दै ओलीले एकीकृत समाजवादीमा जानेलाई बिकाऊ मालको संज्ञा दिए । उनले भने, "पदाधिकारीको ठाउँ भरिएको छैन, क्यारे । कोही विकाउ माल छ कि भनेर तान्न खोज्दै छन् ।"

# नेपाली कामदारलाई यूएई प्रवेश खुला

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ असोज

यूएईले कामदार अभाव भएपछि नेपालीसहित विदेशी कामदारका लागि प्रवेश खुला गरेको छ । खालिज टाइम्सले यूएईले विश्वका सबै मुलुकका नागरिकहरुका लागि शसर्त रोजगार, भ्रमण र पारिवारिक भिसा खुला गरेको जनाएको छ ।

कोरोना भाइरसविरुद्धको खोप लगाउनेको संख्या बढेको र दर कम भएपछि रात्रीकालीन मनोरञ्जका क्षेत्रमा पनि खुकुलो बनाएको यूएईले आर्थिक गतिविधिमा पनि तिव्रता ल्याउन लागेको बताइएको छ ।

नेपालसहित भारत, लाइबेरिया, नामिविया, नाइजेरिया, पाकिस्तान, सियरा, लियोन, श्रीलंका, दक्षिण अफ्रिका, बंगलादेश, कंगो, युगाण्डा, भियतनाम र जाम्बियाका नागरिकलाई यूएई प्रवेशमा लामो समयदेखि रोक लगाएको यूएईले हाल प्रतिबन्ध फुकुवा गरिसकेको छ ।

मोडेर्ना, फाइजर बायोन्टेक, जोनसन एन्ड जोन्सन, अक्सफोर्ड एस्ट्राजेनेका, कोभिशील्ड, सिनोफार्म र सिनोभ्याक खोपलाई मान्यता दिएको यूएईले आफ्नो मुलुक यात्रा गर्ने विदेशी यात्रुले विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले प्रमाणित गरेको कुनै पनि खोप लगाएको, उडान भर्ने बेला अनिवार्यरुपमा विमानस्थलमा पीसीआर परीक्षण गरी रिपोर्ट नेगेटिभ, क्युआर कोड सहितको रिपोर्ट र यूएईले प्रयोग गरिरहेको 'अल होस्न' एप्लिकेसनको आइसीए डाउनलोड गरी रजिष्टर्ड गरेको हुनुपर्ने शर्त भने तोकेको छ ।

यूएईको भिजिट भिसा खुला भएपछि नेपालबाट भने भिजिट भिसा बनाएर सेटिङमा वैदेशिक रोजगारीका लागि पठाउने गरिएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्रोतले बतायो । केही एयरलाइन्स, कतिपय म्यानपावर कम्पनी र केही ट्राभल्स एजेन्सीहरू संलग्न रहेको पनि उक्त स्रोतको दाबी छ ।

उता साउदी अरबको पश्चिमी लाल सागर तटमा ५ खर्ब डलरको लागतमा मेघा परियोजना सञ्चालन गर्न थालिएको छ । नियोम शहरको मेगा परियोजनालाई लक्षित गरेर सो क्षेत्रमा करिब १० हजार कामदारहरूका लागि १० वटा शहर निर्माण गरिने भएको छ । कूल १ लाख कामदारका लागि बनाइने यो शहरहरूका टेण्डरहरू अब ६ महिनामै आह्वान गरिने साउदी गजेटले जनाएको छ । त्यसले नेपालीलाई रोजगारको अवसर बढ्ने सम्भावना रहेको बताइएको छ ।

**वैदेशिक रोजगार विशेष**

## ठूलो परिमाणमा रकमसहित कतारमा एक एशियाली नागरिक पक्राउ

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ७ असोज

कतारको अपराध अनुसन्धान विभागले ठूलो परिमाणमा रकमसहित एक एशियाली नागरिकलाई पक्राउ गरेको छ । ती नागरिकले व्यवसाय गर्ने अनुमानि बिना नै लगानी र अन्य आर्थिक कारोबार गर्ने गरेक कतारको अपराध अनुसन्धान विभागले बताएको छ । कतारको आन्तरिक मन्त्रालयका अधिकारीहरूले उक्त व्यक्तिको निवासमा छापा मारी पक्राउ गरेका हुन् ।

कतारी अधिकारीहरूले उनको निवासवाट कतारी रियालसहित ठूलो परिमाणमा विदेशी मुद्रासमेत जफत गरेको जनाएको छ । उनको साथबाट कार, मोटरसाइकल लगायतका महँगा उपकरणहरू समेत जफत भएका छन् । उनले मनी लन्ड्रिङसमेत गर्ने गरेको अनुसन्धानमा संलग्न अधिकारीहरूले प्रारम्भिक जानकारी दिएका छन् ।


## बहराइनमा वैदेशिकको अवसर | कम्पनी: AL RAYAH FOR SAFETY ITEMS WLL

शहर: BAHRAIN

पूर्व स्वीकृत मिति: २०७८/०१/२० | चलानी नं.: ६०१५८२८१ | LT. No.: 240040 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ३७,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 0 | 5 | | 200 | ६२,५६० | | | | | | | |
| 3. | Cctv Operator | 5 | 0 | | 150 | ४६,९२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय तिलगंगा, काठमाडौंमा २०७८ असोज १४ गते (30 September 2021) मा हुनेछ ।

+२ पास भएको र कम्प्युटर सम्बन्धि ज्ञान भएको महिलालाई विशेष ग्राह्यता दिइनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम ई. पत्र नं.: १०३९/०७३/०७४

**Sky Of The World Manpower Pvt. Ltd.**

Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 4488231, 4491316
Mob.: 9851164164, 9851068774, 9851035867, 9849964370
E-mail : skymanpower200@gmail.com, info@skymanpower.com, Web.www.skymanpower.com

# संरक्षणको अभावमा हजारौं वर्ष पहिलेको मे छ्या हिति

दिपेन्द्र श्रेष्ठ/मध्यान्ह
काठमाडौं, ७ असोज

मे छ्यँ हिति (भैंसीको टाउको जस्तै धारा) संरक्षणको अभावमा लावारिसे अवस्थामा यतिकै फालिरहेका छन् । यो हिति एक हजार वर्ष पहिलेनै बनेको हो भन्ने स्थानीय बासिन्दा बताउँछन् । तर यकिन प्रमाण नहुँदा कहिले बन्यो । कसले बनायो भन्ने यकिन आधार भने छैन ।

यो हिति एकदमै महत्वपूर्ण हिति हो सम्पदा संरक्षण महाअभियानका याद्दबलाल कायष्ठ भन्छन्, 'यो हजार वर्ष भन्दा पहिलेको हिति भएको कारण यस्तो असाधारण हिति कतै देख्न पाइन्न ।

सम्भवत् यहि एउटै मात्र हो । उनका अनुसार यो हिति पुरातत्व विभागको अभिलेखमा पनि हुनुपर्ने उनी बताउँछन् ।

स्थानीयका अनुसार यो महत्वपूर्ण नेवारी सम्पदा उत्खनन् भएको ४, ५ वर्ष भएको र वडाको पहलमा यसलाई क्रेनको सहायताले बुंगाको छेउमा राखिएको छ । यो हिति संरक्षणको अभावमा पुरिसकेकोले वडा अध्यक्ष लगायतका सम्पदाकर्मीहरु मिलेर संरक्षण गरेको साथै यो वडा सम्पदाको एकदमै धनी वडा भएकोले विभिन्न पाटी, पौवा, मठमन्दिर, लगायतका सम्पदाहरु महानगर र पुरातत्व विभागले संरक्षण गर्नुपर्ने उनी बताउँछन् ।



पुरातत्व विभागका राम बहादुर कुँवरका अनुसार सो धारा एकदमै महत्वपूर्ण धारा रहेको र त्यस धाराको कुनैपनि अभिलेख नभेटिएकोले अभिलेखालयमा त्यस धारा सम्बन्धी केहिपनि छैन । यस्तो महत्वपूर्ण धाराको अभिलेख नभएपनि धाराको फोटो र भेटिएको स्थान, उत्खनन् गरेको समय र मिति भएपनि राख्नुपर्ने हो तर पुरातत्वको फितलो अनुसन्धान र कार्यले यस्तो महत्वपूर्ण धाराको अभिलेख मेटिँदै गएको देखिन्छ ।

काठमाडौं महानगरका प्रवक्ता ईश्वरमान डंगोलका अनुसार स्वयम्भुस्थित १५ वडामा पर्ने यो हिति त्यहाँको बाटो साँघुरो भएको कारण बाटो फराकिलो पार्ने क्रममा सो हिति हालको खानेपानी ट्यांकीको फुटपाथको पेटीमा परेको छ ।

पेटी भन्दा ८, १० फिट मुनि रहेकोले त्यहाँ व्यवस्थापन गर्ने सम्भावना नभएको कारणले गर्दा झिकेर बुंगाको छेउमा राखेको र त्यस हितिलाई जतिसक्दो चाँडो त्यतै वरपर कतै व्यवस्थित गर्ने योजना बनाएको र टोलबासी बुद्धिजिवीसँग समन्वय छलफल गरी मे छ्यँ हिती नामाकरण गरी प्रयोगमा आउनेगरी स्थापना गर्ने प्रवक्ता डंगोलले बताए ।

# भरुवा बन्दुकसहित दुई जना पक्राउ

तरुणा जोशी/मध्यान्ह
बझाङ, ७ असोज

खप्तड राष्ट्रिय निकुञ्जभित्र चोरी सिकारमा संलग्न भएको आरोपमा दुई जना पक्राउ परेका छन् । निकुञ्जको सुरक्षार्थ खटिएको नेपाली सेना तथा निकुञ्जका कर्मचारीको टोलीले निजहरूलाई पक्राउ गरेको हो । पक्राउ पर्नेहरूमा बझाङ खप्तड छान्ना गाउँपालिका-१ का ५९ वर्षीय दिलबहादुर जेठारा र ३५ वर्षीय वीरेन्द्रबहादुर कार्की रहेका छन् ।



पक्राउ परेकाहरूका साथबाट नेपाली सेनाले एक थान भरुवा बन्दुक, बन्दुकमा लाग्ने पाँच थान गोली, बारुद दुई डिब्बा तथा बन्दुकको केप एक डिब्बा बरामद गरेको सिंहसारदुल गुल्म खप्तडले जनाएको छ । गुल्मका अनुसार उनीहरूलाई खप्तड राष्ट्रिय निकुञ्जको पौवागढीबाट पक्राउ गरिएको हो । पक्राउ परेकालाई आवश्यक कानूनी कारबाहीका लागि खप्तड राष्ट्रिय निकुञ्जको कार्यालयमा बुझाइएको नेपाली सेनाले जनाएको छ ।

# चाडपर्वमा आपूर्ति व्यवस्थापन चुस्त पार्न गृहमन्त्रीको निर्देशन

**काठमाडौं/मस–** गृहमन्त्री बालकृष्ण खाँडले चाडबाडमा हुने गैरकानूनी क्रियाकलाप नियन्त्रण गर्दै आपूर्ति व्यवस्थापनलाई चुस्त बनाउन निर्देशन दिएका छन् ।

गृह मन्त्रालयमा बिहीबार आयोजित चाडपर्व लक्षित बजार अनुगमनसम्बन्धी बैठकमा मन्त्री खाँडले कालोबजारी, म्याद गुज्रेका खाद्य सामग्री र औषधि बिक्रीवितरण हुनसक्नेतर्फ ध्यानाकर्षण गराउँदै त्यस्ता गतिविधिमा संलग्न व्यक्तिलाई कानूनअनुसार कारबाही गर्न पनि निर्देशन दिए ।

मन्त्री खाँडले मातहतका अधिकारीलाई निर्देशन दिँदै भने, 'म्याद गुज्रेका औषधि र खाद्य सामग्री बिक्रीवितरण गरेको पाइएमा हामी कानूनअनुरुरूप अगाडि बढ्नुपर्छ, त्यस विषयमा ध्यान दिनुहोला ।'

आपूर्ति व्यवस्थापन, बजार अनुगमन र व्यवस्थापन तथा यातायात व्यवस्थापनसम्बन्धी बोलाइएको बैठकमा उपभोक्ता अधिकारकर्मी, यातायात व्यवसायी, उद्योगी व्यवसायी र सरकारी तथा सुरक्षा निकायका अधिकारीको सहभागिता थियो । बैठकमा मन्त्री खाँडले म्याद गुज्रेका सामग्री बेच्दा घुमीफिरी आफ्नै भान्सामा आइपुग्नेतर्फ पनि ध्यान दिन आग्रह गरे ।

उनले चाडपर्वमा अन्य बेलामा भन्दा कम नाफा लिएर धेरै वस्तु सुपथ मूल्यमा बेच्न पनि व्यवसायीलाई आग्रह गरे । उनले भने, 'सुपथ मूल्यमा बेचेर उपभोक्तालाई राहत दिनुस् भन्ने मेरो आग्रह छ, बढी मूल्यमा बेचेको पाइएमा सरकारी निकाय कानूनअनुरूप अगाडि बढ्छ ।'



व्यवसायी, सरकार र उपभोक्ता मिलेर अगाडि बढेमा मात्र चाडपर्व रमाइलो गरी मनाउन पाउने पनि उनको भनाइ थियो । उनले सवारी दुर्घटना न्यूनीकरणमा गम्भीर बन्न पनि व्यवसायीलाई आग्रह गरे ।

बर्षातका समयमा बिग्रिएका मुलुकका विभिन्न स्थानका सडक दसैं अगाडि मर्मत गर्न प्रधानमन्त्रीसँग कुरा राखेर पहल गर्ने उनले बताए । जनताको सुरक्षाका लागि सरकारले आफ्नो दायित्व कुनै पनि अवस्थामा पूरा गर्न प्रतिबद्ध रहेको उनको भनाइ थियो ।

गृहसचिव टेकनारायण पाण्डेले चाडपर्वमा बजार व्यवस्थापनमा त्रिपक्षीय सम्बन्ध जरुरी रहेको उल्लेख गर्दै बजार प्रणालीबाट जनस्वास्थ्यमा खेलबाड गर्न नपाइनेतर्फ सचेत गराए । उनले बजारमा खेलबाड गर्न नदिन गृहमन्त्रालय प्रतिबद्ध रहेको बताए । उनले अनुगमनमा मूल्यसूची जस्तै स्वास्थ्य मापदण्ड पनि हेरिने बताए ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव दिनेश भट्टराईले चाडपर्वका बेला म्याद सिद्धिएका खाद्य सामग्री बिक्री वितरण गरेको पाइएमा कडा कारबाही गर्न मातहतका निकायलाई निर्देशन दिएको जानकारी दिए ।

प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले मुख्य चाडपर्वलाई लक्षित गर्दै प्रहरीले विशेष सुरक्षा योजना बनाएको बताए । बैठकमा उपत्यका ट्राफिक प्रहरी महाशाखा प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक जनक भट्टराई र यातायात व्यवस्था विभागका प्रवक्ता लोकनाथ भुसालले दसैंमा सार्वजनिक सवारी साधन कसरी सञ्चालन गर्ने भनेर अहिलेसम्म भएका तयारीबारे जानकारी गराएका थिए ।

प्रवक्ता भुसालले यही असोज ११ गतेदेखि दसैंका लागि अग्रिम टिकट बिक्री खुला गर्ने र १४ स्थानमा यात्रु सहायता कक्ष राख्ने निर्णय भएको बताए । बसको टिकट अनलाइनमा काट्ने व्यवस्था मिलाउन प्रयास भइरहेको पनि बताए ।

# घुन्सा हेलिकप्टर दुर्घटनाको सम्झना



**काठमाडौं/मस–** ताप्लेजुङको घुन्सास्थित हेलिकप्टर दुर्घटना भएको १५ वर्ष पूरा भएको छ। उक्त दुर्घटनामा परी ज्यान गुमाएकाहरुको योगदानको स्मरण गर्दै असोज ७ गतेलाई राष्ट्रिय संरक्षण दिवसको रूपमा मनाउने गरिन्छ। राजधानीमा एक कार्यक्रमको आयोजना गरि जलसम्पदा तथा वातावरण संरक्षण कोष नेपालले दुर्घटनामा परी ज्यान गुमाएकाहरुको फोटोमा माल्यार्पण र दिपप्रज्वलित कार्यक्रम सम्पन्न गरेको छ ।

समाजसेवी दिपेन्द्र बिष्ट प्रमुख अतिथि, कोषका अध्यक्ष पुष्पराज पाण्डेको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो । जलसम्पदा तथा वातावरण संरक्षण कोष नेपालले काठमाडौंको रामकोट स्थित दुर्घटनामा मृत्यु भएका २४ जनाको अर्धकदको शालिक स्थापना गरेको छ । शहरी बिकास तथा भवन निर्माण विभागले पर्याप्त रकम विनियोजन नगरेका कारण दुई वर्षदेखि 'संरक्षण स्मृति पार्क'को निर्माण कार्यले गति लिन नसकेको कुरा कोषका अध्यक्ष पाण्डेले कार्यक्रममा जानकारी गराए ।

विसं २०६३ असोज ७ गते भएको हेलिकोप्टर दुर्घटनामा तत्कालीन वन राज्यमन्त्री गोपाल राई सहित २४ संरक्षणविद्ले ज्यान गुमाएका थिए । विश्व वन्यजन्तु कोष नेपालद्वारा आयोजना भएको कञ्चजंगा संरक्षण क्षेत्र आयोजना स्थानीय समुदायलाई हस्तान्तरण कार्यक्रममा भाग लिएर फर्कने क्रममा घुन्सास्थित फले पहाडमा हेलिकप्टर दुर्घटनामा परेको थियो ।

दुर्घटनामा मन्त्री गोपाल राई, भूगोल तथा योजनाविद् डा. हर्क गुरुङ, संरक्षणविद् डा. तीर्थमान मास्के, वन तथा भू-संरक्षण मन्त्रालयका तत्कालीन सचिव डा दामोदरप्रसाद पराजुली, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागका महानिर्देशक नारायण पौडेललगायतको निधन भएको थियो ।

# असोज ११ देखि दशैंका लागि अग्रिम टिकट बुकिङ

विष्णुलक्ष्मी खरेल/मध्यान्ह
काठमाडौं, ७ असोज

दशैंका लागि यहि असोज ११ गतेदेखि अग्रिक बुकिङ खुलाइने भएको छ । यातायात व्यवस्था विभागले बिहीबार यातायात व्यवसायी, उपभोक्ता अधिकारकर्मी र ट्राफिक प्रहरीसँगको छलफलपछि असोज ११ गतेदेखि लामो दूरीमा चल्ने सवारीसाधनको अग्रिम टिकट बुकिङ खुलाउने निर्णय गरेको हो । शुक्रबार सडक मर्मत सम्भारको विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव शिशिरकुमार ढुंगानासँगको छलफलपछि उचित निर्णय लिइने सहमति भएपनि अग्रिम टिकट बुकिङ खोल्न तयार भएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका महासचिव सरोज सिटौलाले बताएका छन् ।

सडकका कारण समयमा गाडी आउन नसके त्यसको जवाफदेही आफूहरु नहुने पनि स्पष्ट पारे। महासंघले भाडा समायोजनको विषयमा संघीय सरकारले निर्णय गरेको तर, कतिपय प्रदेश सरकारले अझै भाडा समायोजन नगरेकाले तत्काल भाडा समायोजन गर्न पनि उनले माग गरेको छन् ।

नयाँ बसपार्कमा 'यात्रु सहायता कक्ष' सञ्चालनमा

काठमाडौंको गोङ्गबुस्थित नयाँ बसपार्कमा 'यात्रु सहायता कक्ष' सञ्चालनमा आएको छ । नेपालीको महान पर्व बडादशैं, शुभ दीपावली तथा छठ पर्वलाई लक्षित गरेर महानगरीय ट्राफिक प्रहरी महाशाखा र लोत्से बहुउद्देश्यीय प्रालिले संयुक्तरूपमा 'यात्रु सहायता कक्ष' सञ्चालनमा ल्याएका हुन् ।



बिहीबारदेखि शुरु भएको 'यात्रु सहायता कक्ष'को लोत्से बहुउद्देश्यीय प्रालिका अध्यक्ष इञ्जिनीयर दिपक कुँवरले शुभारम्भ गरे । कार्यक्रममा इञ्जीनियर कुँवरले नयाँ बसपार्कसँगै देशको सबै प्रदेशसँग सञ्जाल जोडिएको भन्दै चाडबाडमा हुनसक्ने चोरी, ठगी, लुटपाट नियन्त्रण र यात्रुलाई सहजरूपमा गन्तव्यस्थलसम्म जाने वातावरण निर्माणमा 'यात्रु सहायता कक्ष'बाट सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा महाशाखाका प्रवक्ता, प्रहरी उपरीक्षक सञ्जीव शर्मा दासले चाडबाडका लागि घर जाने टिकटसम्बन्धी कुनै समस्या परे त्यसको समाधान गर्ने उद्देश्यले महानगरीय ट्राफिक प्रहरी महाशाखाले उपत्यकाका विभिन्न स्थानमा 'यात्रु सहायता कक्ष' सञ्चालनमा ल्याउन लागेको बताए । 'यात्रु सहायता कक्ष'ले दसैं मान्न घर जान लागेका यात्रुलाई सहजता प्रदान गर्ने उनको भनाइ छ ।

हाल काठमाडौंको नयाँबसपार्कबाट देशभरका ६५ भन्दा बढी जिल्लामा सार्वजनिक सवारी साधन आवतजावत गर्दै आएका छन् । काठमाडौं महानगरपालिकासँग 'सार्वजनिक-निजी साझेदारी'अन्तर्गत सम्झौता भई विसं २०५६ देखि सञ्चालनमा आएको नयाँ बसपार्कबाट हाल दैनिक एक हजारभन्दा बढी सवारी साधन आवतजावत गर्दै आएका छन् । नयाँ बसपार्क १६१ रोपनी क्षेत्रफलमा फैलिएको छ ।

# काठमाडौं महानगरभित्रका विद्यालय आइतबारदेखि खुल्ने

**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाले आगामी आइतबारदेखि भौतिकरुपमा नै विद्यालय खोल्ने निर्णय गरेको छ ।

विश्वभरि फैलिएको कोरोना महामारीको दोस्रो लहरका कराण गत वैशाखको दोस्रो सातादेखि बन्द रहेका विद्यालय भौतिकरुपमा खोल्ने निर्णय भएको हो । कामपा शिक्षा विभागको बुधबार बसेको बैठकले विद्यालय खोल्ने अनुमति दिने निर्णय गरेको हो ।

कामपा शिक्षा विभागका प्रमुख रामप्रसाद सुवेदीका अनुसार भौतिकरुपमा विद्यालय खोल्न व्यवस्थापन समितिको बैठक बसी अभिभावकको सहमति लिएर कार्ययोजना बनाएर कामपामा पेश गर्नुपर्नेछ । विद्यार्थी संख्या धेरै भएका विद्यालय भने खोल्नका लागि अनिवार्य नगरेको पनि कामपाले जनाएको छ ।



कामपाभित्र सञ्चालनमा रहेका विद्यालय पुनःसञ्चालन गर्न व्यवस्थापन समितिको बैठक बसी आपसी समझदारीमा मात्र सञ्चालन गर्ने गराउने व्यवस्था मिलाउने, विद्यालय सञ्चालनको विस्तृत कार्ययोजना बनाई महानगरको शिक्षा शाखामा पेश गर्नुपर्ने र शिक्षक, विद्यालय कर्मचारी, चालक सबैले खोप लगाएको हुनुपर्ने छ ।

शिक्षक, कर्मचारी, चालक कसैले खोप लगाउन बाँकी रहेको अवस्थामा कामपाले खोप लगाउने व्यवस्थासमेत गर्ने जनाएको छ ।

कामपाले औपचारिक जानकारी आज गरे पनि यसअघि नै विद्यार्थी सङ्ख्या कम भएका विद्यालय आलोपालो गरेर सञ्चालनमा आइसकेका छन् । लामो समय विद्यालय बन्द रहेको, चाडबाडको समय नजिक आएको र कोरोनाको त्रास अझै कायमै हुँदा अधिकांश विद्यार्थी गाउँमा रहेकाले दशैं तिहारपछि मात्र भौतिकरुपमा विद्यालय पुनःसञ्चालन गर्नुपर्ने माग अभिभावकको छ ।

# १२ सय बढीमा कोरोना संक्रमण

**काठमाडौं/मस–**नेपालमा दैनिक एक हजार भन्दा बढीमा कोरोना संक्रमण पुष्टि भएको छ । चाडपर्व नजिकिँदै जाँदा कोरोनाको जोखिम भने कायमै रहेको छ ।

यस्तै बिहीबार नेपालमा थप एक हजार २३९ कोरोना भाइरस संक्रमित थपिएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बिहीबार सार्वजनिक गरेको तथ्यांकअनुसार १५ हजार २४३ नमूना परीक्षण गर्दा उक्त संख्यामा संक्रमण पुष्टि भएको हो । नेपालमा संक्रमण दर १९.१ प्रतिशत छ । योसँगै हाल देशभर सक्रिय संक्रमित २० हजार ७४३ जना छन् । त्यस्तै ५०० भन्दाबढी संक्रमित भएका जिल्ला नौ र २०० भन्दा बढी संक्रमित भएका जिल्ला २० छन् । अहिले ५०० भन्दा बढी संक्रमित हुने जिल्लामा मोरङ, सुनसरी, झापा, काठमाडौं, भक्तपुर, ललितपुर, मकवानपुर, कास्की र रुपन्देही छन् ।

पछिल्लो २४ घण्टामा एक हजार ३२४ जना संक्रमणमुक्त भएका छन् । योसँगै नेपालमा हालसम्म संक्रमणमुक्त हुने कूल संख्या सात लाख ५६ हजार ९५४ पुगेको छ । नेपालमा संक्रमणमुक्त हुने दर ९६ प्रतिशत छ ।

संक्रमणबाट पछिल्लो २४ घण्टामा १३ जनाको ज्यान गएको छ । अहिलेसम्म संक्रमणबाट ११ हजार ७२ जनाको निधन भइसकेको छ। हाल देशभर ३४० सघन उपचार कक्ष, १११ भेन्टिलेटर, १९ हजार ४३७ होमआइशोलेसन, एक हजार ३३४ संस्थागत आइशोलेसन र २४६ जना क्वारेन्टिनमा छन् ।

बिहीबार एक लाख ३८ हजार ३८५ जनाले खोप लगाएका छन् । अहिलेसम्म पहिलो मात्रा ६२ लाख ९३ हजार ८९ र पूर्ण मात्रा ५८ लाख ६० हजार ९२९ जनाले लगाइसकेका छन् ।

## विपक्षीको ....

शर्मा ओली नेतृत्वको सरकारले अध्यादेश मार्फत् ल्याएको बजेटलाई सरकारले संशोधन गरेको थियो । अध्यादेश विधेयक ल्याएर सरकारले बजेट संशोधन गरेको थियो । एमालेले भने आफूले ल्याएको बजेट संशोधन गरी प्रतिस्थापन विधेयक ल्याएको विरोध असहमति जनाएको छ । सभामुख अग्निप्रसाद सापकोटाको राजीनामा मागेर एमालेले सदन अवरोध गरिरहेपनि सरकारले संशोधन बजेट पारित गरेको छ ।

एमालेको अवरोध र सरकारले बजेट ल्याउन ढिलाइ गर्दा एक सातासम्म राज्यकोषबाट सरकारले खर्च गर्न पाएको थिएन । बिहीबार प्रमाणिकरण भएको चालु आर्थिक वर्षको बजेट १६ खर्ब ३२ अर्ब ८३ करोड रुपैयाँ छ । पारित भएको विनियोजन मध्ये चालु तर्फ ६ खर्ब ७७ अर्ब १९ करोड अर्थात् (४१.४२ प्रतिशत), पुँजीगत तर्फ ३ खर्ब ७८ अर्ब १० करोड अर्थात् (२३.१६ प्रतिशत) र वित्तीय व्यवस्थातर्फ १ खर्ब ८९ अर्ब ४४ करोड अर्थात् (११.६० प्रतिशत) र प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ ३ खर्ब ८७ अर्ब ३० करोड अर्थात् (२३.७२ प्रतिशत) छ ।

यसअघि, गत जेठ १५ मा तत्कालीन अर्थमन्त्री विष्णुप्रसाद पौडेलले अध्यादेशबाट १६ खर्ब ४७ अर्ब रुपैयाँको बजेट ल्याएका थिए । त्यसमा चालू तर्फ ६ खर्ब ६८ अर्ब, पुँजीगततर्फ ३ खर्ब ७४ अर्ब र वित्तीय व्यवस्थापनतर्फ २ खर्ब ७ अर्ब विनियोजन गरिएको थियो ।

संशोधित बजेटमा भने चालु आर्थिक वर्ष १० खर्ब ५० अर्ब ८२ करोड आन्तरिक राजश्व संकलन गर्ने लक्ष्य राखिएको छ । वैदेशिक अनुदान ५९ अर्ब ९२ करोड लिने लक्ष्य राखिएको छ । वैदेशिक ऋणबाट २ खर्ब ८३ अर्ब र आन्तरिक ऋणबाट २ खर्ब ३९ अर्ब रुपैयाँ संकलनको लक्ष्य सरकारले राखेको छ। सरकारले चालु आर्थिक वर्षको पहिलो दुई महिनामा ८९ अर्ब ९५ करोड खर्च भइसकेको अर्थ मन्त्रालयले जनाएको छ ।

## जम्बो..

यो पदाधिकारी संख्या एमाले, काँग्रेस र माओवादी भन्दा धेरै हो । एमालेमा १५ सदस्यीय पदाधिकारी थिए । तर एमालेबाट अलग भएको एकीकृत समाजवादीले १८ सदस्यीय पदाधिकारी बनाएको छ। अझै तीन सचिव थप्न बाँकी छ भने फेरि पनि पद बढ्न सक्ने अनुमान गरिएको छ ।

अर्थात् जम्बो पदाधिकारी बनाएको एकीकृत समाजवादीको नेतृत्व भने पुरानै दलहरु जस्तो असमावेशी बनेको छ। १८ मध्ये १२ जना खसआर्य छन् । दुई जना मात्रै महिला छन्- जयन्ती राई र रामकुमारी झाँक्री । चार जना जनजाति र दुई जना मधेशी छन् । जबकी संविधानले पार्टी संरचनामा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेको छ भने समावेशी पार्टी संरचनाको व्यवस्था गरेको छ ।

# तालपोखरामा डुङ्गा सरर...



पर्यटकीय गन्तव्यस्थल रहेको तालपोखरामा डुङ्गा सुचारु भएपछि चहलपहल बाक्लिदैंछ । पहिलो चरणको कोरोनाको कहर सुरु भएदेखि नै स्वास्थ्य सुरक्षालाई ध्यानमा राख्दै बन्द गरिएको डुङ्गा हालैमात्र सञ्चालनमा ल्याइएको छ । रामपुर नगरपालिका ६ स्थित यस पर्यटकीय तालपोखरामा डुङ्गा सयर गर्दै फोटो खिचाउने, टिकटक बनाउने र ताल वरपर घुम्ने आन्तरिक पर्यटक बढ्दैछन् ।

लामो समयावधी पश्चात् तालपोखरामा डुङ्गा सयर गरी यहाँको पर्यटकीय वातावरण संग रमाउन पाउँदा निकै आनन्दानुभुती भएको नेपाल महिला संघ रामपुर नगर उपसभापति सावित्रा गैह्रे बताउँछिन् ।

“कोभिड -१९ ले अन्यत्र घुम्न जान नपाएको अवस्थामा यहाँ साथीहरु संग डुङ्गामा रमाउँदा धेरै रमाईलो भयो, पर्यटकहरु आउने फर्कने क्रम चलिरहेको छ, यहाँको वातावरणले पर्यटकलाई लोभ्याइरहेको छ” उनले भनिन् ।

तालको बीच भागमा रहेको जलेश्वर महादेवको मन्दिर परिक्रमा गर्दै डुङ्गा सयरमा रमाउँदै टिकटिक बनाउने र फोटो खिचाउनेको उत्साह देखिन्छ । डुङ्गाले पर्यटकलाई थप आकर्षित बनाएको छ ।

स्थानीय पार्वती न्यौपाने डुङ्गा सयर गरेर मन्दिर परिक्रमा गर्दा फेवातालको जस्तै अनुभुती गर्छिन् । कोरोनाले डुङ्गा बन्द भएका बखत पनि तालको रमणीय वातावरण संग बेला बेलामा आउने गरेको उनी सुनाउँछिन् ।

डुङ्गा बन्द गरिएपनि विभिन्न स्थानबाट आन्तरिक पर्यटकहरु तालपोखराको बाहिरी परिषर घुमेर मात्रै भएपनि फर्कने गर्थे । कोरोनाको जोखिम कम हुँदै गएपछि पर्यटकलाई लक्षित गरी संबिधान दिवसको अवसर पारी तालपोखरामा डुङ्गा सञ्चालनमा ल्याइएको तालपोखरा संरक्षण समितिका अध्यक्ष सागरप्रसाद देवकोटा बताउँछन् । “ताल वरपर, पार्क परिषरमा आन्तरिक पर्यटहरु भरिन थाले, टाढा टाढाबाट पनि डुङ्गा चढ्नकै निम्ति आएका पर्यटकहरु यहाँ आउँदा डुङ्गा चढ्न नपाएर निराश भएर फर्कनुहुन्थ्यो, अहिले कोरोनाको कहर कम हुदै गएको छ, चाडपर्व पनि सुरु हुन थालेपछि स्वास्थ्य मापदण्ड पालना गरी डुङ्गा चालु गरियो” उनले भने ।

डुङ्गा सयर गर्न प्रतिव्यक्ति रु ५० को टिकट कायम गरिएको छ । हाल यहाँ तीन वटा डुङ्गा प्रयोगका निम्ति व्यवस्थापन गरिएको छ । टिकटक बनाउन र फोटो, भिडियो खिच्नका निम्ति अहिले धेरै आउने गरेको तालपोखरा संरक्षण समितिका सदस्य जनक भण्डारी बताउँछन् ।

उनी भन्छन्, “बन्द भएको लामो समय पश्चात् डुङ्गा सुरु गरिएको हुदा हाल तालमा दैनिक ५०/६० जनाले डुङ्गा सयर गर्नुहुन्छ, कतिपय पर्यटकहरु भने बाहिरबाटै अवलोकन गरेर फर्कनुहुन्छ, डुङ्गाका कारण पर्यटक आउने जाने क्रम बढ्दै गएको छ” ।

पोखराको फेवातालको अनुभुती दिलाउने गरी पर्यटकीय पूर्वाधारका कार्यहरु भएपछि अहिले रामपुरको पर्यटन विकासमा यसले ईट्टा थपिदिएको छ । यसअघि डुङ्गा सुचारु हुँदाका समय ताल अवलोकनका निम्ति यहाँ देशका पूर्व देखि पश्चिमका आन्तरिक पर्यटक भित्रिएको समितिले जनाएको छ ।

पर्यटकको उपस्थिती बढ्दै गएपछि विसं २०७४ माघ २४ गते देखि तालपोखरामा डुङ्गा सञ्चालन सुरु गरियो । नियमित दुई वटा डुङ्गा सञ्चालन हुदै आएकोमा कोरोनाको कहर सुरु भएपछि स्वास्थ्य सुरक्षालाई मध्यनजर गर्दै डुङ्गा सञ्चालन बन्द गरिएको थियो ।

तालपोखरामा थप पूर्वाधार विकास गरी बाह्य पर्यटकलाई समेत यहाँ अवलोकनका लागि भित्र्याउने योजना बनाएको समितिका सचिव सुनिल देवकोटा बताउँछन् ।

तालपोखरा पार्क नजिकै बाल उद्यान निर्माण, पश्चिमपट्टीको भागमा कफी हाउस र मिनि पार्क स्थापना गर्ने, पूर्वपट्टीको भागमा रहेको पिपलको चौतारीलाई पर्यटकीय आकर्षणको रुपमा विकास गर्ने, सोही ठाउँ नजिकै बाल उद्यान निर्माण गरी नमुना पर्यटकीय गन्तव्यस्थल बनाइने समितिका पूर्व अध्यक्ष देवराज देवकोटाले बताए ।

एक सय पर्यटकीय गन्तव्यस्थलका रुपमा सुचिकृत पर्यटकीय तालपोखरामा विभिन्न स्तरोन्नतीका कार्यहरु सम्पन्न गरिएपछि यसको सुन्दरताले पर्यटकलाई लोभ्याएको छ ।

गत आर्थिक वर्षमा पर्यटन विभागबाट तालपोखराको स्तरोन्नतीका लागि विनियोजित रु ५० लाखमध्ये रु ४७ लाख २३ हजार ५८ रकम प्राप्त भएको थियो । सो रकमबाट तालको पानीलाई दीगो व्यवस्थापन गर्न करिव चार महिना पानी सुकाएर तालपोखरा परिषरमा ८० मिटर लम्बाई र ३.७० मिटर उचाई ढुंगाको पर्खाल तथा तीन सय मिटर लम्बाई, तीन मिटर उचाई रडको जाली सहित भित्ता ढलानको काम भएको छ ।

साथै तालको बीचमा रहेको जलेश्वर महादेवको मन्दिर परिषरमा सेल्फी जोन निर्माण, तालको सतह सम्याउने लगायतका विभिन्न कार्यहरु भएका छन् । श्रीमद्भागवत धनधान्याञ्चल ज्ञान महायज्ञ गरी विसं २०६६ बाट यहाँ पर्यटन प्रबर्द्धनको काम सुरु गरी अहिले पर्यटकीय क्षेत्रका रुपमा विकास गरिएको छ ।

हालसम्म विभिन्न क्षेत्रको सहयोगमा पर्यटकीय पूर्वाधार विकासमा रु तीन करोड ५० लाख भन्दा बढी रकम खर्च भइसकेको छ भने यस आर्थिक वर्षमा रामपुर नगरपालिकाले डुङ्गा लगायतका विभिन्न जलमार्ग सामग्री खरिद गर्न रु दश लाख रकम विनियोजन गरेको छ । पाल्पा सदरमुकाम तानसेन देखि करिव ६५ किलोमिटर पूर्व रामपुरमा अवस्थित तालपोखरा करिव ४५ रोपनी क्षेत्रफलमा पानी सहितको ताल रहेको छ । तालको बीच भागमा जलेश्वर महादेवको मन्दिर छ । तालको वरिपरी घेराबार, प्रवेशद्धारा, पर्यटकका निम्ति फोटो खिचाउन तालको आडैमा सेल्फी जोनको व्यवस्था छ ।

तालपोखराको नाममा पोखरी सहित पार्क समेत रहेको छ । पार्कमा विभिन्न कार्यक्रम, वनभोज समेत हुने गरेको छ । ताल र पार्क सहित करिव ७५ रोपनी क्षेत्रफल तालपोखरा समितिको नाममा रहेको छ । सामान्य वर्षायामको पानी जम्मा हुने पोखरीलाई विकास गरी तालको रुपमा परिणत गरिएको हो ।

# पाल्पा डायरी

सुशीला रेग्मी/मध्यान्ह

## बुढेसकालमा आरन व्यवसायप्रतिको मोह



कालीगण्डकी करिडोर सडकखण्डको आडैमा खरले छाएको सानो झुप्रोमा बसेर हँसिया तयार पार्न घन ठटाउँदै थिए, ६४ वर्षीय अमरबहादुर विक । दिउँसोको चर्को घाममा ईस्टकोटको भरमा आरनमा पसिना काढ्दै हँसिया, कोलादो, कुटो, बञ्चरो लगायतका विभिन्न फलामजन्य औजारको काममा उनको जीवनचर्या बितिरहेको छ । उमेरले बुढौली टेक्यो, नाती नातीना, परिवारसँग घरमै आराम गर्ने बेलामा आरनमा बसेर घन ठटाउनु उनको बाध्यता छ ।

रामपुर नगरपालिका ८ कुमराङ बस्ने विकले यसरी नै सानो झुप्रोमा बसेर घन ठटाएरै पाँच दशक बिताए । जीवनको उत्तरार्द्धमा आइपुग्दा पनि आरन व्यवसाय धान्नु एक त उनको बाध्यता छ भने अर्कोतर्फ पेशाबाट अलग्गै बस्न भने पटक्कै मन छैन । उनी भन्छन्, ‘मैले चौध वर्षको उमेर देखि नै घन ठटाएर आरनको काम शुरु गरेको हुँ, अहिलेसम्म पनि घन ठटाउने कामबाट मुक्त हुन सकिएको छैन, पढाई लेखाई नभएपछि आफूले जे जानियो त्यही काम समातियो ।’

घरमा बाउबाजेले धान्दै आएको आरन व्यवसायबाट सीप सिकेर उनले अहिलेसम्म निरन्तरता दिएका छन् । यस व्यवसायमा युवापुस्ताले भने चासो दिएका छैनन् । ‘जवानीमा त बिहानीको झिसमिसे उज्यालो हुन नपाउँदै आरन शुरु गर्थे, ग्राहक पनि भरिभराउ हुन्थे, काम राम्रै चलेको थियो, रात परेको पनि कामले पत्तो पाउँदैनथें, यसरी नै काम गरेरै उमेर ढल्कियो,’ उनले हिजोको ती जवानी दिनका कुरा सम्झँदै भने ।

बिहान गाउँघरमा भाले बास्न नपाउँदै सबेरै उठेर आरन चलाउने विकको अहिले भने उमेर ढल्कँदै गएपछि जवानी अवस्थाकै जस्तै काममा छिटो छरितो नभएपनि दैनिकी भने आरनमै बितिरहेको छ । पहिला तामाको पनि काम गर्ने विकले हिजोआज भने उमेर ढल्कँदै जाँदा फलामजन्य औजारको मात्रै काम गर्छन् । फलामजन्य कामबाट अहिले दैनिकजसो रु एक हजार देखि रु एक हजार दुई सय सम्म कमाई गर्छन्, उनी । रामपुर नगरपालिका वडा नं ८ को कार्यालयले मुख्यमन्त्री रोजगार कार्यक्रमबाट गत आर्थिक वर्षको अन्तमा आरन व्यवसाय चालाउने व्यवसायीलाई विभिन्न सामग्री सहयोग गरेको छ । रु २० हजार बराबरको रकमबाट दुई जना आरन व्यवसायीलाई जस्तापाता, घन, चिम्टा लगायतका सामग्री सहयोग गरेको वडा अध्यक्ष बोमबहादुर नामजाली बताउँछन् ।

रामपुर नगरपालिका ५ सुन्दरटोल बस्ने ६२ वर्षीय इन्द्रबहादुर विकले पनि आजसम्म आरन व्यवसाय धानेकै छन् । आफ्नै घरको एक छेउमा बसेर ग्राहकको रोजाई अनुसारका फलाम, तामा लगायतका सामग्रीलाई हातले कुँदेर तयार पार्छन् । ‘हामी विश्वकर्मा समुदायको पुरानो पेशा सबैले गाउँमा छाड्दै गएका छन्, आरनमै बसेर पंखा घुमाएर नियमित काम गर्ने कमै छन्, हामीले त बाँचुन्जेल सक्दासम्म दुःख सुखले व्यवसाय धानौंला, अबका सन्ततीले यसमा चासो भने दिदैनन्,’ उनले भने । विकले यो व्यवसाय गर्न थालेको चार दशक भयो, हिजोआज सबैले यो पेशा छाड्दै गएपनि उहाँले भने आफुले सकुन्जेल सम्म व्यवसायलाई निरन्तरता दिने अठोट गर्छन् । उनी भन्छन्, ‘घरमै बसेर एक महिनामा रु २० हजार देखि रु ३० हजारसम्म कमाउन सकिन्छ, यसले मेरो जीविका चलेकै छ, अरुले व्यवसायलाई निरन्तरता नदिदा हाम्रो पुर्खौली व्यवसाय नै संकटमा पर्दै गएकोमा दुःख लागेको छ ।’

हातले कुदेर बनाइएको कोदालो, बञ्चरो साइज हेरेर रु ६०० देखि एक हजार, हँसिया रु एक सय देखि तीन सय सम्ममा बिक्री गर्ने गरेको विकले बताए । गाउँघरमा कोइलाको अभाव हुँदै जाँदा आरन व्यवसाय चलाउन समस्या परेको विकको भनाइ छ ।

हातले कुँदेर कलात्मक रुप दिई गाग्री, ताउला, आम्खोरा, आरी, माना, पाथी फलामबाट कुटो, कोदालो, बञ्चरो, हँसिया लगायतका विभिन्न सामग्री लामो समय सम्म टिकाउ हुने भएकाले पनि आरनबाटै तयार पारिएका सामग्री खोजी खोजी घर घरमा प्रयोग गरिन्छ । यस व्यवसायमा युवापुस्ताले चासो नदिनु, गाउँघरमा कोइलाको अभाव हुन थालेपछि विश्वकर्मा समुदायको पहिचानको रुपमा रहेको पुरानो आरन व्यवसाय नै लोप हुँदै गएको छ ।

पुरानो व्यवसाय संरक्षण नहुँदा समुदायको चिनारी नै लोप हुन थालेपछि रामपुर नगरपालिका वडा नं ४ मा आरन सम्बन्धी औजार व्यवसायीलाई उपलब्ध गराइएको छ । जस्तापाताको छानो, आरनमा काम गर्न प्रयोग हुने पङ्खा लगायतका सामग्री वडाले वजेट विनियोजन गरी यस अघि नै व्यवसायीलाई सहयोग गरिएको वडा सदस्य सिमादेवी राना बताउँछिन् । ‘आरन व्यवसायलाई संरक्षण गर्न वडाभित्र भएका व्यवसायीलाई विभिन्न आवश्यक सामग्री उपलब्ध गराइएको छ, यदी कोही व्यवसायी व्यवसाय गर्न चाहानुहुन्छ भने उहाँहरुलाई वडाले व्यवसायमा सहयोग गर्नेछ’ वडा सदस्य रानाले भनिन् ।

युवापुस्ताहरु आरन सम्बन्धी सीप सिक्न छाडेर विदेशतिर लाग्नु, गाउँमा बसेर पुरानो पेशा सम्हाल्ने कुनै युवा नहुँदा आरन व्यवसाय हराउँदै गएको पाकापुस्ता बताउँछन् । गाउँघरमा भने आरन चलाउने युवाहरु कमै छन् । एक दशकअघि यस क्षेत्रमा ५० भन्दा बढी आरन व्यवसाय सञ्चालनमा थिए । अहिले भने कमैले मात्र व्यवसाय चलाएको पाइन्छ । विश्वकर्मा समुदायका पाकापुस्ताहरु भने आरन व्यवसाय लोप हुँदै जाँदा चिन्ता व्यक्त गरिरहेका छन् ।

## पर्यटक तान्दै राम्चे सामुदायिक वन

चारैतिर हरियाली वन जंगल, उत्तरतर्फ कालीगण्डकी नदी बहेको दृश्य । झट्ट हेर्दा काठमाडौं उपत्यका जस्तो देखिने, शहरीकरणतर्फ उन्मुख रामपुर उपत्यका, बजार भरिँदै गरेको रामपुरको मुख्य मुटु बेझाड बजार ।

कालीगण्डकी वेशीको दृश्य एकै नजरमा देख्न सकिने बेझाड बजारको सिरानमा रहेको राम्चे सामुदायिक वन यतिबेला पर्यटक आकर्षणको केन्द्रबिन्दु बनिरहेको छ । ‘एक सामुदायिक वन एक उद्यान’ कार्यक्रम अवलम्वन गरी वनलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गरिएपछि अहिले यहाँ रमाउन आउने पर्यटक बढ्दैछन् ।

हरियाली वनको चिसो शितलता, चराचुरुङ्गीको मिठो गुञ्जयमान आवाज, उत्तरतिर हेर्दा सुन्दर रामपुर उपत्यका संगै कालीगण्डकी वेशीको दृश्य यहाँबाट हेर्दा मनका पीडा, दुःख नै भुलाइदिने खालको प्राकृतिक सुन्दरता रहेको ललितपुर गोदावारी निवासी सुबि बराल बताउँछिन् ।

पोखरा बसेर स्नातक तह प्रथम वर्षमा अध्ययन गरिरहेकी बराल राम्चे वन घुम्न आउने क्रममा यहाँको प्राकृतिक सुन्दरता, वातावरण देखेर यो क्षेत्र नेपालकै उत्कृष्ट पर्यटकीय गन्तव्यस्थल रहेको अनुभूति गर्छिन् । ‘घुम्न भनेर काठमाडौं, पोखरा लगायतका ठूला ठूला शहर बजारमा नै जानुपर्छ भन्ने छैन, यहाँ त प्रकृतिले दिएको अथाह सुन्दर वातावरण, जहाँ घण्टौं समय यहाँको प्रकृतिसँग रमाउँदा स्वर्गीय आनन्दानुभूति हुन्छ,’ उनी भन्छिन्, ‘कृत्रिम रुपमा विकास गरिएको संरचनाबाट भन्दा प्रकृतिले दिएको सुन्दरताले पर्यटकको मनलाई प्रफुल्लित पारिरहेको हुन्छ, जुन यहाँको राम्चे सामुदायिक वन एक उदाहरण बनेको छ । ’सरकारले पर्यावरण र पर्यटन प्रवर्द्धनका लागि ‘एक सामुदायिक वन एक उद्यान’ कार्यक्रम अगाडि सारेकाले पनि सोही अनुरुप यस राम्चे सामुदायिक वनले धमाधम पर्यटकीय क्षेत्र विकासका काममा जोड दिएपछि पर्यटक बढ्दै गएका छन् ।

हाल दैनिकजसो १५० देखि २०० को हाराहारीमा आन्तरिक पर्यटक आउने गरेका छन् । कोरोनाको कहर कम भए लगत्तै पर्यटकको चहलपहल बढेको छ । बेझाड बजारदेखि करिब तीन देखि चार सय मिटर माथि पर्ने यस वनमा विशेषगरी बिदाका दिन र साँझपख घुम्न आउनेको बाक्लो उपस्थिति भेटिन्छ । बजारमा सामान किनमेल गर्न आउने तथा विभिन्न कामले आएका कतिपय आन्तरिक पर्यटक राम्चे वन घुमेर फर्कन्छन् ।

रामपुर नगरपालिका ५ स्थित यस वन ९७.९ हेक्टर क्षेत्रफलमा फैलिएको छ । वन क्षेत्रको पाँच हेक्टर क्षेत्रफल छुट्याएर पर्यापर्यटनको रुपमा विकासका कामहरु भइरहेको छ । यस क्षेत्रलाई विसं २०५४ देखि वनभोजस्थलको रुपमा विकास गर्न थालियो । वनमा पर्यापर्यटनको उद्देश्यले ०६५-०६६ देखि वनभोजको रुपमा निकै चहलपहल हुँदै गएपछि ०६९ मा दृश्यावलोकन स्तम्भ (भ्यू-टावर) निर्माण कार्य शुरु गरी ०७२ मा सम्पन्न भई सञ्चालनमा आएपछि पर्यटकको थप आकर्षण बढ्दै जान थाल्यो ।

रामपुर उपत्यका, स्याङ्जाको चापाकोट, तनहुँको घिरिङ्ग क्षेत्र लगायतका विभिन्न कालीगण्डकी बेशीको उपत्यकाको दृश्यावलोकन नियाल्न यहाँ पाँच तलाको दृश्यावलोकन स्तम्भ (भ्यू-टावर) ले पर्यटक तानिरहेको छ । वनभोजस्थललाई पनि गुरुयोजना बनाएर क्रमिकरुपमा वर्षेनी पर्यापर्यटनका रुपमा विकास गरिँदै लगियो ।

तीन कोठाको कार्यालय भवन, रामपुर क्षेत्रमा हुने विभिन्न कार्यक्रम, वन समुहको भेला, बैठक, गोष्ठी सञ्चालन गर्नका लागि उपभोक्ता तथा विभिन्न व्यक्तिको सहयोगमा निर्मित ३५० मानिस अट्ने क्षमताको सभाहल पनि छ । जिल्ला भूक्षय तथा जलाधार नियन्त्रण कार्यालय पाल्पाको रु १० लाख सहयोगमा पानीको फोहरा निर्माण तथा पानी ट्यांकी व्यवस्थापनको काम भएको छ ।

यहाँ पर्यटकलाई लक्षित गरी पानीको फोहरा, वनभोजस्थलको तल्लो भागदेखि दृश्यावलोकन स्तम्भ पुग्ने पक्की पैदलमार्ग, दैनिक चार समूहसम्म अट्ने क्षमताका छुट्टाछुट्टै वनभोजका लागि संरचना तयार छ । एक समूहबाट रु पाँच सय शुल्क कायम गरिएको छ भने घुम्नका लागि मात्रै आउनेलाई प्रतिव्यक्ति रु दशको टिकटको व्यवस्था छ । बस, कार, भ्यान जस्ता ठूला सवारी साधनमा आउने भ्रमण टोलीलाई रु २५०, मोटरसाइकल, स्कुटरमा आउने एक जनाको रु ३०, दुई जना आउनेलाई रु ५० शुल्क तोकिएको छ ।

आर्थिक वर्ष २०७६-०७७ मा लुम्बिनी प्रदेश सरकारबाट प्राप्त रु ५० लाख बजेटबाट तीन वटा वनभोज सेट तयार, दृश्यावलोक स्तम्भ (भ्यू-टावर) सम्म पुग्न करिब १५० मिटर पक्की पर्खाल, वनभोजस्थल परिसरमा १५० मिटर पक्की पैदलमार्ग निर्माण, दृश्यावलोकन स्तम्भ (भ्यू-टावर) सम्म जाने मार्गमा फूल बगैंचा तयार पारिएको छ ।

यस्तै आ.व. २०७७-०७८ मा लुम्बिनी प्रदेश सरकारबाट प्राप्त रु १५ लाख बजेटबाट दुई वटा विश्रामस्थल, एक वटा झुला, सभाहल परिसरमा करिब एक सय मिटर पर्खाल, ६० मिटर पैदलमार्ग निर्माणको काम भएको वन समुहका सचिव राधिका भण्डारीले बताइन् । उनका अनुसार हालसम्म यस वन क्षेत्रमा विभिन्न पर्यटकिय भौतिक संरचना निर्माणमा रु दुई करोड बराबरको रकम खर्च भएको छ । आ.व. २०७८-०७९ का लागि लुम्बिनी प्रदेश सरकारबाट रु १० लाख रकम विनियोजन भएको समितिले जनाएको छ ।

पर्यापर्यटनका रुपमा काम भइरहेको यस वन क्षेत्रमा पर्यटकलाई लक्षित गरी बाल उद्यान, चमेना गृह, पानीपोखरी, चिडियाखाना, आधुनिक खालको दृश्यावलोकन स्तम्भ, सिमसार, फूल बगैचा निर्माण गर्ने योजना रहेको वन समुहका अध्यक्ष दयाराम गैह्रे बताउँछन् । ‘विभिन्न क्षेत्रबाट पर्यटकहरु भित्रिने क्रम बढेको छ, पर्यटकलाई मध्यनजर गर्दै आयआर्जन हुने गरी विभिन्न संरचना निर्माणमा समितिले जोड दिएको छ, सामुदायिक वनमध्ये नेपालकै नमुना वन बनाउने लक्ष्य छ’ उनले भने ।

यहाँ बँदेल, मृग, खरायो, कालिज, चितुवा, दुम्सी लगायतका वन्यजन्तु, चराचुरुङ्गीहरु छन् । साल, खयर, कटुस, अमला, हर्रो, बर्रो, सर्पगन्ध, कुरिलो लगायतका विभिन्न प्रजातिका बहुमुल्य वानस्पति छन् । उपभोक्ताको आवश्यकतालाई ध्यानमा राख्दै चाडपर्व तथा विभिन्न समय समयमा घाँस, दाउरा, स्याउला उपलब्ध गराइएको छ । वनसँग आवद्ध उपभोक्ताले वनबाट सुपथ मुल्यमा काठपात उपभोग गर्न पाएका छन् ।

नेपालकै सामुदायिक वनहरुमध्ये राम्चे सामुदायिक वन नमुनाको रुपमा रहेको हुँदा पर्यापर्यटनको रुपमा विकास हुँदै गरेकाले राम्चे वन भबिष्यमा वन स्कुलको रुपमा अगाडि बढ्ने सामुदायीक वन महासंघका केन्द्रीय सदस्य तथा वन समुहका पूर्व अध्यक्ष कृष्णप्रसाद श्रेष्ठ बताउँछन् । ‘भौगोलिक रुपमा बजार क्षेत्रसँग जोडिएको विभिन्न वन पैदावारले भरिपूर्ण राम्चे वनको रमणीय दृश्य यहाँको पर्यापर्यटनलाई हेर्दा भोलिका दिन वन स्कुलको रुपमा विकास हुने देखिएको छ’श्रेष्ठले भने ।

यहाँ उपभोक्ता समूहको वस्ती परापूर्वकालदेखि नै बस्दै आएको हुँदा जनसंख्या वृद्धिले गर्दा वस्ती दिनानु दिन बाक्लिँदै गयो । काठ दाउरा अनियमित तरिकाले काट्दा वनको हैसियत क्रमिक रुपमा घट्न थाल्यो ।

प्राकृतिक वातावरणको संरक्षण, जैविक विविधताको स्थान कायम राख्न, अनियमित रुपमा काठ दाउरा काट्ने क्रम रोक्न वन पैदावारबाट केही आर्थिक लाभ लिने उद्देश्यले विसं २०५१ मा तत्कालिन रामपुर गाविस वडा नं ४ (हालको रामपुर नगरपालिका वडा नं ५) का सबै उपभोक्ताको सल्लाह र निर्णयबाट वनको संरक्षण गरिँदै आइएको छ ।

विसं २०१३ मा वनहरु सरकारीकरण भएपछि वन मासेर जग्गा बनाउने काम भएकाले ०४७ मा प्रजातन्त्र पुनःस्थापना भए पश्चात नयाँ प्रजातान्त्रिक वन ऐन २०४९ तथा वन नियमावली २०५१ अनुसार सामुदायिक वन दिने भनी व्यस्था भए अनुरुप वनलाई विधिवतरुपमा समुदायमा हस्तान्तरण गरी संरक्षण र उपभोग गर्न पाउने नीतिको साथमा उपभोक्ता समुह दर्ता भएको हो ।

विसं २०३०-०३२ देखि राम्चे वनको अवधारणा आएको हो । तत्कालिन रामपुर गाउँ पञ्चायतले राम्चे वनलाई संरक्षण गर्नुपर्छ भन्ने धारणा ल्याएर वडाको कार्यालय सहयोगी खटाएर वनको रेखदेख गर्न थालियो । विसं २०४७ मा सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएपछि धेरै सुधार हुँदै हराभरा बन्न सकेको छ । दर्ता भएको समयमा १९८ घरधुरी उपभोक्ता समावेश भएको पाइएको छ । पछि अन्यत्रबाट बसाइसराई गरी यस समूहमा आवद्ध छन् । वनको महत्व र आवश्यकता महसुस हुँदै जाँदा यस वनप्रति धेरैको आकर्षण बढ्दै गयो । हाल यस वन समूहमा ३२३ घरधुरी उपभोक्ता आवद्ध छन् ।

## सम्पादकीय

### दलहरूको अटेरी

नेकपा एमालेबाट अलग भएर बनेको नेकपा (एकीकृत समाजवादी) ले पदाधिकारी चयन गरेको छ । प्रथम केन्द्रीय कमिटी बैठकबाट पदाधिकारी चयन गरेको हो । पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको नेतृत्वमा गएको २ भदौमा एकीकृत समाजवादी गठन भएको थियो । बाँकी पदाधिकारी तय भएको थिएन । तर प्रथम केन्द्रीय कमिटी बैठकबाट पदाधिकारी चयन गरेको छ । १८ सदस्यीय पदाधिकारीमा सात उपाध्यक्ष, एक महासचिव, तीन उपमहासचिव र चार सचिव चयन भएका छन् । झलनाथ खनाल बरिष्ठ नेता र मुकुन्द न्यौपाने तेस्रो बरियतामा रहनेगरी नेता चयन भएका छन् । पदाधिकारीमा अधिकांश पुराना र प्रौढ उमेर समूहका नेता छन् । महासचिव पनि एमालेमा पहिलो पुस्ता मानिने वेदुराम भुसाल छन् ।

तर युवा नेताहरू भने उपमहासचिव र सचिव भन्दा तल मात्रै अटाएका छन् । कम्युनिष्ट आन्दोलन, व्यवस्था र संविधान जोगाउने शक्तिमा रूपमा चिनाउने दावी सहित बनेको एकीकृत समाजवादीको पदाधिकारी चयनले केही महत्वपूर्ण प्रश्नहरू उठेको छ । अर्थात् नेपाली राजनीतिमा सुधारको कुनै संकेत देखिएको छैन । जम्बो पदाधिकारी बनाइएको छ । यसको अर्थ हो पदीय आकांक्षा यो पार्टीमा पनि कायमै छ । पद र शक्तिकै कारण नेपालमा राजनीति बद्नाम भइरहेका बेला एकीकृत समाजवादीले सुधार देखाउन सकेन । दोस्रो, पदाधिकारी समावेशी बन्न सकेन । संविधानले ३३ प्रतिशत महिला र अन्य समुदायको समावेशी सहभागिताको व्यवस्था गरेको छ । तर १८ सदस्यीय पदाधिकारीमा दुई जना मात्रै महिला छन्– उपाध्यक्ष जयन्ती राई र सचिव रामकुमारी झाँक्री ।

समुदायगत रूपमा पनि समावेशी रहेन । १८ मध्ये खसआर्य समुदायका मात्रै १२ नेता छन् । जम्बो पदाधिकारी बनाउने, तर समावेशी नदेखिनुको अर्थ नेपालमा कुनैपनि राजनीतिक शक्तिमा संविधान अनुरूप संरचना निर्माण गर्ने जाँगर छैन । ठूला दलहरू नेकपा एमाले, नेपाली काँग्रेस र माओवादी केन्द्रमा त्यसैपनि समावेशी संरचना छैन भने पदका लागि मरिहत्ते गर्ने प्रवृत्ति बारम्बार पुनरावृत्त हुँदै आएको छ । कतिसम्म तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले पार्टी संरचनामा समेत ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित थिएन । बरू, उल्टै निर्वाचन आयोगलाई मनाएर पार्टीको मान्यता लिएको थियो । अर्थात् संविधानको भावना अनुरूप नचल्ने र संविधान कार्यान्वयन नगर्ने शक्तिकै पुनरावृत्ति एकीकृत समाजवादीमा पनि देखिएको छ ।

## सामाजिक सञ्जाल



छिमेकी चीनमा हेर्नुस् त्यहाँको शासन प्रणाली निरंकुशतावादी छ तर, अभ्यास जनपक्षीय, पारदर्शी र लोकतान्त्रिक छ । त्यसैले त्यहाँको विकास युद्धस्तरमा छ । हाम्रोमा शासन प्रणाली लोकतान्त्रिक देखाइएको छ तर, अभ्यास निरंकुशतावादी छ । पार्टीवादी, व्यक्तिवादी र आफन्तवादी छ । परिणाम कछुवा गतिको विकास छ ।

- **राधिका सुवेदी**



प्याडको मूल्य बढ्छ, खाद्यान्नको बढ्छ, औषधिको बढ्छ , नेताहरूको मूल्य बढ्छ । तै यो देशमा किसानीको, मजदुरको मूल्य बढेन । फेरि उपभोक्ता त महंगी मै पर्छ, यसको पनि रहस्य छन् । मलाई यो लौका पछाडि स्कुस छ, किसान कै मूल्यमा कसरी उपभोक्तासम्म पुऱ्याउने ? महिला दिदि बहिनीहरू पीडा आ–आफ्नो ।

- **अंकला बराम**



स्यानिटरी प्याड विलासिताको वस्तु हैन अत्यावश्यक वस्तु हो । यसलाई करमुक्त गरेर आर्थिक भार कम गरौं । सबैको कमाइ र आर्थिक स्रोत तपाइँको जस्तै छैन जनार्जन शर्मा र अर्थमन्त्रालयका हाकिम ज्यु, कर लगाउने कुराहरू धेरै छन बजारमा ।

- **महेश क्षेत्री**



छात्रवृत्तिमा एमबीबीएस पढेका चिकित्सकको पछाडि मात्रै किन लागेका छन् सबैजना ? देश छोडेर भागे अरे । दुई वर्षको सम्झौता गरेका हुन्छन् । त्यसपछि जहाँ गएपनि स्वतन्त्र हुन् । शुल्क तिरेर पढ्ने चिकित्सक पनि त विदेशिएका छन् । बाध्यता हो । देशमा राखिरहने वातावरण बनाउन नसक्नु सरकारको कमजोरी हो ।

- **निरज पौडेल**



एउटा तप्काले हल्लाउने यत्रो मुलुकको योजना कसरी छनौट, अध्ययन र कस्तो अध्ययन गरियो ? आधारभूत आधार के त्यो योजनाको गरिदैन ? बाहिर जनमानसमा जान्छ भनेर उत्तरदायित्व र पारदर्शिता देखाइदैन ? आफ्नो अध्ययन खुलिबिन्दाग, अरूलाई सत्तो सराप गर्नु ?

- **विनाद न्यौपाने**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईंसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक सरोकारका विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com

# बर्सेनिको बाढी : बर्सेनिकै वेदना

**विस्थापित हुनेले सधैं बिजोग सहेरै जीवन जिउन विवश हुनुपर्छ । यसको अर्थ सरकारले उद्धारै गरेन भन्ने होइन तर विपद्को जोखिम घटाउने बारेमा जिम्मेवारी महसुस नभएको हो कि भन्ने कुरा अवश्य देखिन्छ । तराईमा डुबान तथा पहाडमा बाढीपहिरोको जोखिमको सम्भावना भएका क्षेत्रका मानिसलाई जोगाउने अभियान आवश्यक छ ।**



● रमेश भट्टराई 'सहृदयी'

कोरोना महामारीको एउटा घानमा बाढी, पहिरो र डुबानको अर्को प्रहारले जनतामा प्रताडित छन् । हुन त सत्ताको जुहारी, पौंठाजोरी अनि सत्ताको घोडेजात्रा र स्वार्थको गाईजात्रा जत्ति चाखलाग्दो सन्दर्भभित्र जनताको पीडा र वेदना समेटिने रहेनछ । क्षणिक आशा र क्षणिक योजना हरेक साल हुन्छन् पनि । अर्बौंको लगानी पनि हुन्छ तर, यति धेरै पीडाको पुनरावृत्ति किन भइरहन्छ ? किन प्राकृतिक समस्यालाई पनि गरिब अर्थात् भूइँमान्छेले नै भोग्नुपर्छ ?

विपद् अनुभवका सन्दर्भमा शताब्दी पुरुष सत्यमोहन जोशीको अनुभव निकै विचारणीय लाग्छ- "आजभन्दा ७० वर्ष अगाडि १० दिनसम्म लगातार मुसलधारे पानी पर्थ्यो । त्यो बेला न कुनै मानवीय क्षति हुन्थ्यो, न त कुनै भौतिक । हामीले विकास भन्दै आएको कुरालाई पुनरावलोकन गर्नु अत्यावश्यक छ ।" वास्तवमा हिजोका पुस्ताले घर निर्माण गर्नुपूर्व वास्तुशास्त्रलाई आधार मान्थे । गाउँका बुज्रुकहरूसँग सल्लाह लिन्थे । घडेरी चयन र घर निर्माणको तरिकामा दीर्घकालीन सोंच राख्थे । यद्यपि हिमाल, पहाड र तराईको भूबनोटको संरचनालाई उचित व्यवस्थापन गर्ने गरी राज्यको नीति नहुँदा हामी आज पीडामा छौं । डुबान क्षेत्रलाई सोही अनुरूप बाँध, नहर र नदीको तटीय क्षेत्र निर्माण गर्ने दीर्घकालीन कार्य नगरिँदा नेपाली जनताले बर्सेनि प्रताडना बिहोरिरहेको छ । जलवायु परिवर्तनको असरलाई मानिस स्वयम्ले जन्माइरहेको पनि त छ ।



घर घडेरी बनाउँदा सिङ्गो भूबनोट परीक्षण गर्ने, बढ्दो शहरीकरणलाई दिगो र प्रभावकारी व्यवस्थापन गर्ने, धरातललाई संरचना निर्माणार्थ योग्य छ/छैन भनी निर्क्योल गर्नेलगायतका अवधारणासँग हाम्रो मुलुकको नीति तथा व्यवहारमा तालमेल देखिँदैन । विकासको अर्थ डोजर चलाएर सडकको स्वरूप कोर्नु मात्रै होइन् त्यसको व्यवस्थित र दीर्घकालीन लक्ष्य केन्द्रित ढाँचा निर्माण गर्नु पनि हो । विकासमुखी बजेटलाई एकाङ्की बनाउने र देखिने विकासतिर मोडिएर भोट तान्ने परम्पराले प्राकृतिक अस्तित्वमा पनि प्रहार भएको देखिन्छ । खोलाको किनारमा घर बनाएर सधैं एकनास सुरक्षित रहन सकिँदैन । बाढी र पहिरोका कारण यसै वर्ष पनि दशकौं लगाएर निर्माण गरिएका बाटोघाटो, पुलपुलेसा, खेत, माछा फार्म, विद्यालयलगायत अन्य सबै प्राकृतिक र भौतिक संरचना एकसाथ ध्वस्त भए । जायजेथो गुमेर घरको न घाटको बनाइदियो । यसो भनिरहँदा, सर्वश्रेष्ठ प्राणी मानिस यस्ता कतिपय यथार्थ कुरामा बुझ्झकी हुन नसकेको त होइन ? जब प्रकृतिद्वारा सीमा संकटको पहाड थोपरिन्छ तब ईश्वरको नाम लिनु शिवाय अर्को विकल्प नहुने रहेनछ । कतै बाल चित्कार, कतै असह्य आपत्मा असक्तको क्रन्दन । नदीको त आँखा हुँदैन तर मानिसले आफ्नो आँखालाई सही सदुपयोग गर्न नसकेको प्रष्ट देखिन्छ । नदी किनारमा बनेका ठूला संरचनामा धेरै ठूलो जनधनको क्षति व्यहोर्नुपर्ने यथार्थ पक्षलाई घनीभूत रूपमा सोच्नु आवश्यक छ ।

चुरे क्षेत्रका नदीमा हुने दोहन र खोलाले फेरेको मार्गका कारण नेपालका तराई क्षेत्रमा ३७ जिल्ला डुबानमा रहने अध्ययनले देखाएको छ । बर्खामा भेलले तराईलाई डुबाउने अनि हिउँदमा पानी नभएर काकाकुल हुनुपर्ने व्यथा छ । खोलाको कमसल बाँधलाई पानीको बेगले भत्काउँछ । वर्षायामका हरेक साल असार, साउन र भदौका तीन महिना तराई क्षेत्रमा मात्रै नभएर पहाडी इलाकामा पनि उत्तिकै भय छ । वर्षाको प्राकृतिक नियमलाई मानिसको अप्राकृतिक व्यवहारले विशेषतः झुपड बस्तीका निम्न–मध्यम वर्गले बढी प्रताडना खेप्नु पर्दो रहेछ । यथार्थमा मानिसले प्रकृतिमाथि अत्याचार गरिरहेको छ । प्रकृतिको महत्तालाई गिज्याइरहँदा त्यसको परिणाम मानव निर्मित समस्या नै हुन्छ ।

सरकारले क्षति भइसकेपछि उपचारमा हारगुहार गर्नुभन्दा जोखिमपूर्ण बस्तीको अध्ययन गरी बस्ती व्यवस्थापन गर्ने, सचेतना अभियान चलाउनेजस्ता पक्षमा ध्यान पुऱ्याउनुपर्छ । नदीको बहावले कटान गरिरहँदा आफन्त, घरखेत र व्यवसाय गुमाउनेका दशा कति हृदयविदारक हुँदो हो ! हामीलाई घटना ताजै लाग्छ- तराईमा झापा, मोरङ, सप्तरी, सुनसरी, महोत्तरी, रौतहट, राजविराज, गुल्मी, नवलपरासी, जाजरकोट, कञ्चनपुर, बारा, चितवन, बाँके, राप्ती, सिन्धुलीलगायतका अधिकांश क्षेत्रमा आएको बाढी र डुबानले समस्या बढायो । पहाडमा ताप्लेजुङ, पाँचथर, तेह्रथुमजस्ता क्षेत्रमा गएको बाढीपहिरोका कारण विगतमा पनि ठूलो क्षति भएको हो । भूगर्भवेत्ताको आँकलनलाई मान्दा भूकम्पले हल्लाएका कारण पहिरोको जोखिम बढिरहेको छ । यसर्थ सम्भावित क्षतिका बारेमा पहिला नै सजग हुनुपर्ने देखिन्छ । अझ भूकम्पले थिल्थिल्याएको सिन्धुपाल्चोकमा त हरेक वर्ष पीडैपीडा छ । यसपालि त मनसुनको सुरुवातीमा नै सयौं परिवार यसरी घरबारविहीन हुँदा जीविकोपार्जनमा ठूलो संकट उत्पन्न भएको छ । हिजोको करोडपति आज रोडपति बन्न पुग्दा गरिबी र भोकमरीको प्रताडना थपिने भय छ । यस्ता प्रकोप प्रभावितलाई शिक्षा, स्वास्थ्य, खानेपानीभन्दा पनि हाललाई जीवनरक्षा नै ठूलो विषय बन्ने रहेछ । यस्तो मानवीय पक्षलाई सरकार र मनकारी संस्थाले उचित सम्बोधन गर्नुपर्ने देखिन्छ ।

> घर घडेरी बनाउँदा सिङ्गो भूबनोट परीक्षण गर्ने, बढ्दो शहरीकरणलाई दिगो र प्रभावकारी व्यवस्थापन गर्ने, धरातललाई संरचना निर्माणार्थ योग्य छ/छैन भनी निर्क्योल गर्नेलगायतका अवधारणासँग हाम्रो मुलुकको नीति तथा व्यवहारमा तालमेल देखिँदैन । विकासको अर्थ डोजर चलाएर सडकको स्वरूप कोर्नु मात्रै होइन् त्यसको व्यवस्थित र दीर्घकालीन लक्ष्य केन्द्रित ढाँचा निर्माण गर्नु पनि हो ।

भारत र नेपालबीचमा दुईदेशीय नीतिभित्र हामी नेपाली प्रताडित छौं । नकार्न मिल्दैन । लक्ष्मणपुर, सप्तकोशी लगायतका बाँधलाई छिमेकी मुलुक भारतले थुनेर नेपाली भूमिमा फर्काइदिँदा पनि हज्जारौं नेपालीको घरबास उठीबास भएका विगत छन् ! कैयौं गरिब, पिछडा, अक्षम वर्ग वा राम्रो पहुँच नभएका सुकुमवासी, आदिवासी वर्गमा बाढीले प्रहार गर्छ । सानो झुप्रो डुब्नलाई समय लाग्दैन जति पक्की भवनलाई समय लाग्छ । नेपालीलाई अप्ठ्यारो पर्ने गरी फर्काइएको यो उर्लिँदो भेलसँगै छिमेकीले बर्सेनि संकट उत्पन्न गराएको कुरालाई हलुका रूपमा लिन सकिँदैन । यस विषयमा दुई देशका लागि समान न्यायिक मानवहितमुखी निर्णयमा नेपाल सरकारले ठोस कदम चाल्नुपर्छ ।

विगतमा पनि ज्यान जोगाउनै धौ-धौ हुँदा भारतसँग कोशी ब्यारेज खोल्न अनुमति माग्नुपरेका थियो । हिँउदमा नेपालका नालामा कमिला कुद्ने गरी थुनेर पानी लैजाने प्रवृत्तिसँग विगतका सन्धी सम्झेर भुटभुटिनु शिवाय बाँकी रहँदैन । सबैभन्दा महत्वपूर्ण कुरा त प्रकोप सम्भावित क्षेत्रबाट बस्ती सार्ने कुरामा जागरुकता चाहिन्छ । यसका लागि त बरु विपद् सहयोग कोष खडा गरी मानवीय भावमा जुट्नु वैज्ञानिक कार्य हुन सक्ला । अचानाको पिर खुकुरीलाई थाहा हुँदैन । यस्ता खाले विषम् परिस्थितिमा सबै वर्ग र समुदाय सेवामा जुट्न सक्नुपर्छ ।

बाढी वा डुबानका त्रासदीको दुरावस्थाबाट तराई भूभागमा न त भागेर ज्यान बचाउने आधार छ न कुनै जीवन रक्षाको विकल्प नै । प्राकृतिक अवस्थिति, जोखिमयुक्त स्थानको पहिचान, विकल्पका बाटा, पूर्व उपाय र सचेतनामा ध्यान पुऱ्याउँदा कमसेकम यस्ता घटनाबाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ । कोरोना महामारीले रोजगार गुमेका वा व्यापार डुबेका सामान्य वर्गको दशा कम दयनीय लाग्दैन । विगतको घटनाबाट गरिबीको चपेटामा परेर केवल पेट मात्र पाल्दै बसेका धेरै नेपालीहरूले अझैसम्म आफ्नो जीवनस्तर तङ्ग्रयाउने मेसोमेलो पाइरहेका छैनन् ।समस्या बाजा बजाएर आउने पनि त होइन । जब भयो राति अनि बूढी ताती भनेजस्तो दुर्घटना भइसकेपछि योजनाका तानाबाना बुन्ने अरूबेला राजनैतिक विचार र खेलतिर अल्झिरहने हो भने त्यो अमानवीय कार्य साबित हुनेछ ।

